# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# वुटवल, नेपाल

सचिव वैठक न : १४
मिति : २०७५।७।१५

**उपस्थिति**

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल | प्रमुख सचिव | प्रदेश नं ५ |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री भरत मणि रिजाल | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री थानेश्वर गौतम | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री धनन्जय पौडेल | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री यामनारायण देवकोटा | सचिव | भूमिव्यवस्था कृर्षि तथा सहकारी मन्त्रालय |
| श्री रामचन्द्र दंगाल | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री थानेश्वर ज्ञवाली | नि.सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री मधु ज्ञवाली | नि.सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री कृष्ण खनाल | शा.अ. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

१. **चौमासिक समिक्षा गोष्ठी सम्वन्धमा :**

क. चालू आ.व. २०७५/७६ को प्रथम चौमासिक अवधिमा भएको कार्यप्रगतिका सम्वन्धमा सबै मन्त्रालयले आफ्नो मन्त्रालयगत प्रगति समिक्षा आगामी २०७५ कार्तिक २८ देखि ३० मा गर्ने र माननीय मुख्यमन्त्री तथा मा. मन्त्रीज्यूहरुको समुपस्थितिमा आगामी मंशिरको २ देखि ४ गतेसम्म प्रदेशका सबै मन्त्रालयहरुको चौमासिक प्रगति समीक्षा बैठक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गर्ने निर्णय गरियो ।

ख. चौमासिक प्रगति प्रतिवेदनको प्रस्तुतिका लागि तयार भएको ढाँचालाई छलफलमा उठेका विषयवस्तु सहित परिमार्जित स्वरुपमा र छलफलको समयतालिका समेत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयवाट सवै मन्त्रालयहरुमा उपलव्ध गराउने ।

प्रमुख सचिव

२. <u>कानून निर्माण सम्वन्धमा</u> :

यस प्रदेशमा हालसम्म १३ वटा विधेयक स्वीकृत भइसकेको र ३६ वटा विधेयकका लागि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट सैद्धान्तिक स्वीकृती प्राप्त भईसकेको सन्दर्भमा थप कानून निर्माणका सम्वन्धमा देहायबमोजिम गर्ने :

क. सबै मन्त्रालयबाट अविलम्व निर्माण गर्नुपर्ने कानूनका लागि सैद्धान्तिक स्वीकृतीको प्रकृया अगाडि वढाउने ।

ख. प्रदेश सरकार (मन्त्रिपरिषद)बाट सैद्धान्तिक स्वीकृती प्राप्त भईसकेका विधेयकको प्राथमिकता तोकी बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न आवश्यक र सुशासन कायम गर्नका लागि आवश्यक देखिएका विधेयक मस्यौदा तयार गर्ने।

ग. कानून निर्माणका लागि कुनै पनि स्वरुपका बैदेशिक सहयोग स्वीकार नगर्ने । सो सम्वन्धमा आवश्यक परेमा आर्थिक मामिला तथा योजना मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमतिका लागि अनुरोध गर्ने ।

३. <u>संगठन तथा जनशक्ति व्यवस्थापन :</u>

संगठन तथा जनशक्ति सम्वन्धमा देहायबमोजिम गर्ने :

क. साविकमा रहेका कार्यालयहरुको बोर्ड हालसम्म पनि यथावतै रहेको देखिन आएकाले अविलम्व प्रदेश मातहतका सम्वन्धित मन्त्रालयअन्तर्गत कार्यालयको नाममा परिवर्तन गर्ने ।

ख. संघीय मन्त्रालयहरुबाट प्रदेशमा कामकाज गर्न खटाउने क्रममा चालु आ.व.का लागि यस प्रदेशमा रहेका आयोजना परियोजनाअन्तर्गतका लागि स्वीकृत अस्थायी दरवन्दीका अस्थायी करार कर्मचारी समेत हस्तान्तरण भई आएकोले सोको व्यवस्थापन सम्वन्धित मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग समन्वय गरी गर्ने ।

ग. हालसम्म पनि स्थापना हुन वाँकी प्रदेश सरकारका मन्त्रालय मातहतका निर्देशनालय तथा कार्यालयहरु अविलम्व स्थापना गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई जानकारी गराउने ।

घ. हालसम्म स्थापना हुन वाँकी कार्यालयहरुमा भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गत सहकारी प्रशिक्षणालय- १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयअन्तर्गत उद्योग, बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय-१ र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र-१ तथा भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत यातायात पूर्वाधार निर्देशनालय-१, पूर्वाधार विकास कार्यालय -२ (बाँके र दाङ्ग), सहरी विकास तथा

मुख्य सचिव

भवन कार्यालय- १ (बाँके) का कार्यालयहरु कर्मचारी अभावका कारण स्थापना गर्न नसकिएकाले तत् तत् निकायहरुका लागि अविलम्व कर्मचारी खटाउने व्यवस्था मिलाईदिनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष अनुरोध गर्ने ।

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं ५
बुटवल, नेपाल